आर्थिक बर्ष : २०८१/८२
बैठक संख्या :१६

आज मिति २०८२/०२/२० गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोख्रेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोख्रेल प्रशासकीय अधिकृत
श्री दिपक ढुङ्गाना सहायक प्रशासकीय अधिकृत
श्री शंकर चापागाई सहायक लेखा अधिकृत
श्री नुरध्वज गुरुङ कार्यालय सहयोगी

CS CamScanner

(मिति २०८२/०२/२०)

प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं .१
गाउँकार्यपालिकाका हालसम्मका निर्णय कार्यान्वयन र सेवा प्रवाह सम्बन्धमा छलफल।
निर्णय नं. १

बिरुवा गाउँकार्यपालिकाका हालसम्मका निर्णयहरु कार्यान्वयनको अवश्था र गाउँपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट भईरहेको सेवा प्रबाहको समिक्षा गर्दै सेवा प्रबाहलाई थप प्रभावकारी र सहज बनाउन आवश्यक भूमिका निर्बाह गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २
महालेखा परिक्षकको कार्यालयको आ.व. २०८०/८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदन माथि छलफल सम्बन्धमा।
निर्णय नं. २
महालेखा परिक्षकको कार्यालयको आ ८१/२०८० .व.को अन्तिम लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी उक्त प्रतिवेदनले औंल्याएका कमी कमजोरीहरुलाई सुधार गर्दै प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रतिबद्धताका साथ उक्त प्रतिवेदनमा औंल्याईएको वेरुजु नियमानुसार फर्छ्यौंट गर्न सम्बन्धित सबै सरोकारवालाहरुलाई निर्देशन दिने निर्णय गरियो।

प्रस्ताव नं. ३
बिरुवा गाउँपालिकाको स्थानीय योजना बैंक संचालन कार्यविधि, २०८२ माथी छलफल सम्बन्धमा।
निर्णय नं. ३
बिरुवा गाउँपालिकाको स्थानीय योजना बैंक संचालन कार्यविधि, २०८२ माथी छलफल गरी सर्वसम्मतिले स्वीकृत गरियो।

प्रस्ताव नं. ४
बिरुवा गाउँपालिकाको आयोजनाको बैंकको मस्यौदामाथी सम्बन्धमा।
निर्णय नं. ४
बिरुवा गाउँपालिकाको आवधिक योजना, गाउँपालिकाको क्षेत्रगत आवश्यकता लगायत विविध पक्षलाई समेटेर आयोजना बैंकको मस्यौदा निर्माणका लागि २०८२/०१/२६ गतेको कार्यपालिका बैठकबाट गठन गरिएको समितिले कार्यपालिका समक्ष पेश गरेको बिरुवा गाउँपालिकाको आयोजनाको बैंक-२०८२ को मस्यौदा सर्वसम्मतीले स्वीकृत गरियो।

CS CamScanner

**<u>प्रस्ताव नं. ५</u>**

गाउँसभाको १७ औं अधिवेशन (बजेट अधिवेशन)को मिति तय गर्ने सम्बन्धमा।

**<u>निर्णय नं. ५</u>**

बिरुवा गाउँपालिकाको गाउँसभाको १७ औं अधिवेशन (बजेट अधिवेशन) मिति २०८२/०३/०६ गते विहान ११:०० बजेबाट गाउँपालिकाको सभाहलमा शुरु हुने गरी आव्हान गर्ने निर्णय गरियो।

**<u>प्रस्ताव नं. ६</u>**

सडक बालबालिका मुक्त पालिका घोषणा सम्बन्धमा।

**<u>निर्णय नं. ६</u>**

बिरुवा गाउँपालिका क्षेत्रभित्र गरिएको विभिन्न अध्ययन, सर्वेक्षण र अनुगमनबाट गाउँपालिका क्षेत्रभित्र कुनै पनि प्रकारका सडक बालबालिका नरहेको एकीन भएकोले बिरुवा गाउँपालिकालाई सडक बालबालिका मुक्त पालिका घोषणा गर्ने निर्णय गरियो।

**<u>प्रस्ताव नं. ७</u>**

जनजागृती आ.वि. बिरुवा ७ तल्लो बलेउलाई बालविकास देखी कक्षा ८ सम्म कायम गर्ने सम्बन्धमा।

**<u>निर्णय नं. ७</u>**

जनजागृती आ.वि. बिरुवा ७ तल्लो बलेउलाई यसअघी विद्यार्थी संख्या नरहेकोले बालविकास देखी कक्षा ७ कायम गरिएकोमा चालु शैक्षिक सत्रमा कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीहरु उपलब्ध भएकोले उक्त विद्यालयलाई बालविकास देखी कक्षा ८ सम्म कायम गर्ने निर्णय गरियो।

**<u>प्रस्ताव नं. ८</u>**

सडक सरसफाई तथा बाटो हेरालु सम्बन्धमा।

**<u>निर्णय नं. ८</u>**

बिरुवा गाउँपालिका क्षेत्रभित्रका विभिन्न सडकहरुको मर्मत सम्भार र नाली सरसफाईका लागि वडागत रुपमा उल्लेखित संख्यामा बाटो हेरालुको व्यवस्था गरी १५ दिन नबढ्ने गरी सडक सरसफाईको काममा लगाउने निर्णय सर्वसहमतिले गरियो ।

तपसिल :

| वडा नं. | बाटो हेरालुको संख्या | कैफियत |
|---|---|---|
| १ | ४ | |
| २ | २ | |
| ३ | ३ | |

| | | |
|---|---|---|
| ४ | ८ | |
| ५ | ४ | |
| ६ | ४ | |
| ७ | ४ | |
| ८ | ६ | |

<u>प्रस्ताव नं. ९</u>

विविध

<u>निर्णय नं. ९</u>

क. बिरुवा गाउँपालिका वडा नं. ८ निवासी स्व. ईन्द्र बहादुर परियार तथा विमला परियारको छोरी ज. प्र. प्र. नं. १५० का दिप्सिना भन्ने श्री लेख माया परियारको कलेजोमा मासु पलाई अप्रेशनपश्चात उपचाररत रहेकोमा निजको बाबुको मृत्यु भईसकेको र आमा दोस्रो विवाह गरी गएको तथा उनी संरक्षणमा रहेको परिवारको आर्थिक स्थिति समेत कमजोर रहेकोले निजको उपचारका लागि गाउँपालिकाबाट प्रदान गरिएको रु २०,०००/- आर्थिक सहयोग अनुमोदन गर्ने निर्णय गरियो।

ख. बिरुवा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गाउँपालिका स्तरीय फुटकर योजना बजेट शीर्षकबाट तपसिल योजनाहरु कार्यन्वयन गर्ने निर्णय गरियो।

<u>तपसिल :</u>

| क.स. | योजनाको नाम/विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १. | दिब्य प्रकाश मा.वि. खेलमैदान संरक्षण | २५,०००/- | |

ग. बिरुवा गाउँपालिकामा उल्लेखित संस्थाले तपसिल बमोजिमको कार्यक्रम गर्नेगरी प्रस्ताव गरेकोले तपसिल बजेट शीर्षकबाट उल्लेखित रकम सहयोग गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क.स. | कार्यक्रमको नाम/विवरण | बजेट शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | पिङ्क सिटी अन्तरपालिका स्तरीय भलिवल प्रतियोगिता सहभागी टिमको खर्च व्यवस्थापन | कार्यक्रम खर्च | १,००,०००।- | खाना, खाजा र यातायात व्यवस्थापन |

घ. बिरुवा गाउँपालिका कार्यालयद्धारा पालिकास्तरीय अस्पतालमा कार्यरत रहने गरी विज्ञापन गरिएको पाँचौ तहको ल्याव टेक्निसियनको मासिक पारिश्रमिक रु २७,०००/- कायम गर्ने निर्णय गरियो साथै यसपश्चात संघिय सरकारबाट स्वीकृत दरबन्दी बाहेक पालिकाको आन्तरिक स्रोतबाट पारीश्रमिक भुक्तानी हुने गरी नियुक्त हुने पाँचौ तहको कर्मचारीको तलबभत्ता रु २७,०००/- कायम गर्ने निर्णय गरियो।

ङ. पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत तर्ले टोल विकास संस्थाद्धारा प्रस्ताव पेश गरी स्वीकृत तर्ले टोल सडक बत्ती योजना र आरुखर्क टोल विकास संस्थाद्धारा प्रस्ताव पेश गरी स्वीकृत आरुखर्क टोल सडक बत्ती योजना क्रमश तर्ले टोल सडक बत्ती उपभोक्ता समिति र आरुखर्क टोल सडक बत्ती उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

CamScanner